नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. ४१४, दायर मिति-:२०८०-११-१०

फैसला मिति-२०८०-१२-१५

| वादी | प्रतिवादी |
|---|---|
| मुकेश प्रसाद साहको जाहेरीले नेपाल सरकार-----------------------१ | जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१९ बिन्दवासिनी बस्ने बर्ष ३३ को शशी यादव भन्ने शशिभुषण यादव--------------------१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीले अश्लिल शब्दहरु प्रयोग , लछार पछार गर्दै पाईप,हात समेतले आँखा,पिठ्यु,हात समेतमा कुटपिट गरी अभद्र व्यवहार गरेको भन्ने मुकेश प्रसाद साहको जाहेरी दरखास्त।

२. अश्लिल शब्दहरु प्रयोग , लछार पछार गर्दै पाईप,हात समेतले आँखा,पिठ्यु,हात समेतमा कुटपिट गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. अश्लिल शब्दहरु प्रयोग , लछार पछार गर्दै पाईप,हात समेतले आँखा,पिठ्यु,हात समेतमा कुटपिट गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका प्रमेश प्रसाद यादव समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साबिती बयान।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०८०।०९।२४ गते अं.१२:४५ बजेको समयमा प्रतिवादी शशी यादव भन्ने शशिभुषण यादवले जाहेरवालाको भतिज प्रितम कुमार साहलाई अश्लिल शब्दहरु प्रयोग गरी लछार पछार गरी पाईप, हात समेतले आँखा, पिठ्यु, हात समेतमा कुटपिट गरी अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा मुकेश प्रसाद साहको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी शशी यादव भन्ने शशिभुषण यादवलाई जरिवाना रु १०,०००। - गर्ने र मुलुकी अपराध संहिता,२०७४ को दफा १२७ बमोजिम बिल भरपाई पेश हुन नआएकोले यसमा केही गरिरहनु परेन। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी शशी यादव भन्ने शशिभुषण यादवको जरिवानाको हकमा मिति २०८०-११-११ गते र.नं. ३८७ बाट दाखिला गरेको धरौटी रकम रु १०,०००।- जरिवाना रकम रु १०,०००।- कट्टा गरी मिनाहा गर्नु।---------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। ---------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु---१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल चैत महिना १५ गते रोज ५ / ने.सं. ११४४ चिल्लागा ,३ बिहीबार शुभम् ............